# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५८) काठमाडौं, बैशाख २३ गते २०६५ साल (संख्या ४


## भाग ३

नेपाल सरकार

गृह मन्त्रालयको सूचना

## प्रहरी (तेह्रौं संशोधन) नियमावली, २०६४

प्रहरी नियमावली, २०४९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रहरी ऐन, २०१२ को दफा ३९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम " प्रहरी ( तेह्रौं संशोधन ) नियमावली, २०६४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **प्रहरी नियमावली, २०४९ को नियम २१ मा संशोधन**: प्रहरी नियमावली, २०४९ ( यसपछि "मूल नियमावली " भनिएको ) को नियम २१ को सट्टा देहायको नियम २१ राखिएको छ:-

"२१. **जेष्ठताक्रम कायम गर्ने**: (१) प्रहरी निरीक्षक र प्रहरी सहायक निरीक्षकको लागि प्रहरी अधिकृत आधारभूत तालीममा प्राप्त गरेको अंकको आधारमा जेष्ठता कायम गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर खुल्ला प्रतियोगिताद्वारा छनोट भई नियुक्ति पाई संवत् २०६२ सालदेखि पोष्ट ग्र्याजुयट डिप्लोमा इन पोलिस साइन्स समावेश भएको प्रहरी निरीक्षक (प्रहरी अधिकृत) आधारभूत तालीम हासिल गर्ने प्रहरी कर्मचारीको हकमा निजले सोही तालीममा प्राप्त गरेको कुल प्राप्ताङ्को योग्यता क्रमको आधारमा जेष्ठता कायम गरिनेछ ।

(२) नियुक्ति पाएको समूहमा कुनै कारणवश आधारभूत तालीममा संलग्न नभएका प्रहरी निरीक्षकको जेष्ठता कायम गर्दा निजले नियुक्ति पाएको सोही समूहको अन्तिम क्रममा निजको जेष्ठता कायम हुनेछ ।"

३. **मूल नियमावलीको नियम ९८ मा संशोधनः** मूल नियमावलीको नियम ९८ को उपनियम (५) मा रहेको स्पष्टीकरणको सट्टा देहायको स्पष्टीकरण राखिएको छः-

"**स्पष्टीकरणः** यस नियमको प्रयोजनको निमित्त प्रहरी कर्मचारीको उमेरको हिसाब गर्दा देहाय बमोजिम गरिनेछः-

(क) प्रहरी कर्मचारीको उमेर सेवामा प्रवेश गर्दा निजले पेश गरेको नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र र वैयक्तिक विवरण (सिटरोल)मा जन्ममिति वर्ष, महिना र गतेसमेत खुलेको र सबैमा एउटै मिति नरहेको भएमा जुन मितिबाट पहिले अवकाश हुन्छ सोही मितिको आधारमा,

(ख) वर्ष वा संवत मात्र उल्लेख भएको प्रमाणपत्रका आधारमा जन्ममिति कायम गर्दा नागरिकताको प्रमाणपत्रको हकमा प्रमाणपत्र प्राप्त गरेको मिति, शैक्षिक योग्यताको प्रमाणपत्रको हकमा प्रमाणपत्र जारी भएको मिति र वैयक्तिक विवरण (सिटरोल) को हकमा शुरु भर्ना भएको मितिको आधारमा,

(ग) कुनै प्रमाणपत्रमा वर्ष मात्र उल्लेख भएको र अर्को प्रमाणपत्रमा पूरा जन्ममिति खुलेको रहेछ र त्यस्तो प्रमाणपत्रमा उल्लिखित जन्ममितिहरुको बीचमा एक वर्षसम्मको अन्तर देखिएमा पूरा खुलेको जन्ममितिको आधारमा ।

तर यसरी छुट्टाछुट्टै प्रमाणपत्रमा उल्लेख भएको जन्ममितिको अन्तर एक वर्षभन्दा बढी भएमा वर्ष मात्र उल्लेख भएको प्रमाणपत्रको आधारमा उपखण्ड (ख) बमोजिम जन्ममिति कायम गरिनेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. **मूल नियमावलीको नियम १०३ मा संशोधन**: मूल नियमावलीको नियम १०३ को,-
(१) उपनियम (४) मा रहेका "त्यस्तो प्रहरी कर्मचारीको उमेरको हदले" भन्ने शब्दहरुको सट्टा "त्यस्तो प्रहरी कर्मचारीलाई मरणोपरान्त एकतह पदोन्नती गरिनेछ र त्यस्तो पदबाट उमेरको हदले" भन्ने शब्दहरु, "निजको हकवालाले पूरा तलब" भन्ने शब्दहरुको सट्टा "निजको परिवारले पदोन्नती भएको पदको शुरु तलब अङ्क बराबरको पूरा तलब" भन्ने शब्दहरु र "प्रहरी कर्मचारीको हकवालाले" भन्ने शब्दहरुको सट्टा "प्रहरी कर्मचारीको परिवारले उपनियम (१) र (२) बमोजिम" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (४) पछि देहायको उपनियम (५) थपिएको छ :-
"(५) उपनियम (४) बमोजिमको सुविधा पाइरहेका मृतक प्रहरी कर्मचारीका परिवारले त्यस्तो सुविधा पाएको अवधिमा समान पदको बहालवाला प्रहरी कर्मचारीको तलब बृद्धि हुँदा तलबको शुरु अंकमा जति रकम बृद्धि भएको छ सोही बराबरको रकम मृतक प्रहरी कर्मचारीका परिवारले पाउने तलब रकममा समेत बृद्धि हुनेछ ।"

५. **मूल नियमावलीको नियम १०४ मा संशोधन** : मूल नियमावलीको नियम १०४ को, -

(१) उपनियम (४) मा रहेका "त्यस्तो प्रहरी कर्मचारीलाई" भन्ने शब्दहरुको सट्टा "त्यस्तो प्रहरी कर्मचारीलाई एक तह पदोन्नती गरी" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (५) र (६) को सट्टा देहायका उपनियम (५) र (६) राखिएका छन्:-

"(५) उपनियम (४) बमोजिमको सुविधा पाएको अवधिमा समान पदको बहालवाला प्रहरी कर्मचारीको तलब बृद्धि हुँदा तलबको शुरु अकमा जति रकम बृद्धि भएको छ सोही बराबरको रकम अवकाश प्राप्त अशक्त प्रहरी कर्मचारीले पाउने तलब रकममा समेत बृद्धि हुनेछ ।"

"(६) उपनियम (१), (२) र (४) बमोजिम सुविधा पाएको अवकाश प्राप्त अशक्त प्रहरी कर्मचारीको मृत्यु भएमा निजले त्यस्तो सुविधा पाएको सात वर्ष नपुगेसम्म निजको परिवारले निजले पाएसरह नै सम्पूर्ण सुविधा पाउने छ र सात वर्ष पुगेपछि नियम १०३ को उपनियम (१) र (२) बमोजिमको निवृत्तिभरण पाउनेछ ।"

(३) उपनियम (६) पछि देहायका उपनियम (७) र (८) थपिएका छन्:-

"(७) प्रहरी कर्मचारीको अशक्तताको प्रतिशत निर्धारण गर्न देहाय बमोजिमको अध्यक्ष तथा सदस्य रहने गरी एक समिति रहनेछ :-

(क) गृह मन्त्रालयको सम्बन्धित महाशाखा हेर्ने सह-सचिव - अध्यक्ष



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) प्रहरी वरिष्ठ उपरीक्षक ,वीरेन्द्र प्रहरी अस्पताल - सदस्य

(ग) चिकित्सक, वीर अस्पताल - सदस्य

(घ) प्रहरी वरिष्ठ उपरीक्षक, प्रहरी प्रधान कार्यालय - सदस्य-सचिव ।

स्पष्टीकरण : यस नियमको प्रयोजनका लागि अशक्तताको प्रतिशत निर्धारणको आधार देहाय बमोजिम हुनेछ:-

(क) असीदेखि शत प्रतिशत अशक्तता भन्नाले दुबै आँखा नभएको वा दुबै खुट्टा नभएको वा दुबै हात नभएको वा एक खुट्टा, एक हात नभएको वा सम्पूर्ण शरीर नचल्ने,

(ख) साठीदेखि उनासी प्रतिशत अशक्तता भन्नाल काम गर्न नसक्ने गरी आंशिक शरीर नचल्ने वा एक आँखा नभएको वा एक हात नभएको वा एक खुट्टा नभएको,

(ग) चालीसदेखि उनान्साठी प्रतिशत अशक्तता भन्नाले असामान्य रुपमा बोलि प्रष्ट नभएको वा शरीरको सम्पूर्ण हिस्सा तन्दुरुस्त देखिएता पनि लरखराउने, धडधडाई हिड्ने वा प्रहरी सेवामा रही काम गर्न शारीरिक, बोली, हिडाइ, चलाइले अशोभनीय देखिने,

(घ) उल्लिखित बर्गीकरण बाहेक अन्य अशक्तताको प्रतिशत निर्धारण गर्ने अधिकार मेडिकल बोर्डमा निहित रहनेछ ।"

(८) बहालवाला प्रहरी कर्मचारीको तलव बृद्धि हुँदा समान स्तरको प्रहरी कर्मचारीको तलवको शुरु अंकको रकममा जति प्रतिशत बृद्धि भएको छ सोही प्रतिशतले उपनियम (३) बमोजिमको अशक्त वृत्तिको रकममा समेत बृद्धि हुनेछ ।"

६. **मूल नियमावलीको नियम १०७ मा संशोधन** : मूल नियमावलीको नियम १०७ को सट्टा देहायको नियम १०७ राखिएको छ :-

" **१०७. असाधारण पारिवारिक वृत्ति र उपदान** : (१) कुनै प्रहरी कर्मचारी तालीम लिँदा वा कर्तव्य पालनको सिलसिलामा दुर्घटनामा वा मुठभेडमा परी वा प्रहरी कारवाहीमा खटिएको समयमा भीर पहराबाट लडी तत्कालै मृत्यु भएमा वा त्यसैको कारणबाट निको नहुँदै मृत्यु भएमा निजको नोकरी अवधि जतिसुकै बर्ष पुगेको भए तापनि निजको परिवारले त्यस्तो प्रहरी कर्मचारीले खाइपाई आएको तलवको आधा रकम पारिवारिक निवृत्तिभरण पाउने र त्यस्तो परिवारलाई देहाय बमोजिम असाधारण पारिवारिक उपदानसमेत दिइनेछ:-

(क) दश बर्षसम्मको सेवा अवधि नपुग्दै मृत्यु भएमा निजले खाइपाई आएको छ महिनाको तलव बराबरको रकम ।

१०



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) दश बर्षदेखि बीस बर्षसम्मको सेवा अवधि पूरा गरी मृत्यु भएमा निजले खाइपाई आएको नौ महिनाको तलव बराबरको रकम ।

(ग) बीस बर्षभन्दा माथि जतिसुकै सेवा अवधि पूरा गरी मृत्यु भएमा निजले खाइपाई आएको एक बर्षको तलव बराबरको रकम ।

(२) उपनियम (१) बमोजिमको पारिवारिक निवृत्तिभरणमा नियम १०२ बमोजिमको बृद्धि रकमसमेत थप हुनेछ ।

(३) हतियार बन्द कुनै प्रहरी कर्मचारी मुठभेडमा परी मृत्यु भएमा निजको सेवा अवधि जतिसुकै वर्ष पुगेको भए तापनि त्यस्तो प्रहरी कर्मचारीको परिवारले निजले खाईपाई आएको तलबको आधा पारिवारिक निवृत्तिभरण पाउनेछ र त्यस्तो परिवारलाई देहाय बमोजिम असाधारण पारिवारिक उपदानसमेत दिइनेछः-

(क) दश वर्षसम्मको सेवा अवधि नपुग्दै मृत्यु भएमा निजले खाईपाई आएको एक वर्षको तलब बराबरको रकम ।

(ख) दश वर्षदेखि बीस वर्षसम्मको सेवा अवधि पूरा गरी मृत्यु भएमा निजले खाईपाई आएको अठार महिनाको तलब बराबरको रकम।

(ग) बीस वर्षभन्दा बढी जतिसुकै सेवा अवधि पूरा गरी मृत्यु भएमा निजले खाईपाई आएको दुई वर्षको तलब बराबरको रकम ।

तर नियम १०३ को उपनियम (४) र नियम १०४ को उपनियम (४) बमोजिमको तलब सुविधा लिइरहेका प्रहरी कर्मचारी वा तिनका परिवारले सो सुविधा लिउन्जेल यस नियम बमोजिमको पारिवारिक निवृत्तिभरण र उपदान पाउने छैन ।

(४) उपनियम (१) र (३) बमोजिम असाधारण पारिवारिक निवृत्तिभरण मृतक प्रहरी कर्मचारीको पति वा पत्नी वा बाबु वा आमाले पाउने भए आजीवन पाउनेछ । तर पति वा पत्नी अथवा बाबु वा आमा नभई छोरा छोरी मात्र भएमा त्यस्ता छोरा छोरीको उमेर एक्काईस वर्ष पूरा नभएसम्म वा सरकारी वा अर्धसरकारी सेवामा प्रवेश गरेको भएमा जुन अगाडि हुन्छ सो मितिसम्म मात्र पाउनेछ ।

(५) कर्तव्य पालनाको सिलसिलामा खटिएको वा खटिने क्रममा आउँदा जाँदा वा अन्य कार्य गर्दा बाटोबाट वा कार्यस्थलबाट अपहरणमा परी हत्या भएको भरपर्दो सूचना प्राप्त भएको तर लास फेला पर्न नसकेको अवस्थामा सम्बन्धित प्रमुख जिल्ला अधिकारी र जिल्ला प्रहरी प्रमुखको संयुक्त प्रतिवेदनको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आधारमा हत्या गरिएका प्रहरी कर्मचारीको परिवारलाई उपनियम (३) र (४) बमोजिमको सुविधा दिइनेछ।"

७. **मूल नियमावलीमा नियम १०९क. थप** : मूल नियमावलीको नियम १०९ पछि देहायका नियम १०९क. थपिएको छ:-

" **१०९क. समान सुविधा उपलब्ध हुने** : (१) सम्बत् २०५२ साल फाल्गुण १ गते उप्रान्त कुनै प्रहरी कर्मचारी नियम १०३ को उपनियम (४) वा नियम १०४ को उपनियम (४) बमोजिमको अवस्था परी मृत्यु भएको वा असक्त भएको भए त्यस्तो प्रहरी कर्मचारी वा निजको परिवारले नियम १०२, नियम १०३, नियम १०४, नियम १०७ र नियम १०९ मा उल्लिखित सुविधा सोही नियमहरुमा उल्लेख भएबमोजिम दोहोरो नहुने गरी समान रुपमा पाउनेछन्।

(२) उपनियम (१) बमोजिम सुविधा उपलब्ध गराउँदा अघि प्राप्त गरेको सुविधा वापतको रकम कट्टा गरी बाँकी रकम मात्र दिनुपर्नेछ। "

८. **मूल नियमावलीको अनुसूची-४ मा संशोधन**: मूल नियमावलीको अनुसूची-४ को प्रकरण (ख) को अनिवार्य तालीमहरु अन्तर्गत द्रष्टव्यमा रहेको खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छ:-

" (घ) प्रहरी निरीक्षक पदको अनिवार्य तालीम भन्नाले प्रहरी अधिकृत आधारभूत तालीम वा संवत् २०६२ सालदेखि त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा सञ्चालित पोष्ट ग्र्याजुयट डिप्लोमा इन पोलिश साइन्स समावेश भएको प्रहरी निरीक्षक (प्रहरी अधिकृत) आधारभूत तालीमसमेतलाई जनाउँछ। "

**आज्ञाले,**
**उमेशप्रसाद मैनाली**
**नेपाल सरकारको सचिव**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित। मूल्य रु. ५।-